

# ज्यानमारा रोग रेबिजबाट कसरी आफू बच्ने र अरूलाई बचाउने ?





बहुला कुकुर, बिरालो, स्याल, न्याउरीमुसा वा अन्य मासांहारी जनावरको टोकाईबाट रेबिज सर्दछ ।



बहुला वा शंकास्पद कुकुर वा जंगली जनावरले टोकेमा तुरुन्तै साबुन पानी वा सफा पानीले ५ मिनेट राम्ररी घाउ पखालौं र ओखती लगाऔं ।



टोक्ने कुकुर १० दिन भित्र मऱ्यो, मारियो, बेपत्ता भयो, चिन्न सकिएन भने डाक्टरको सल्लाह बमोजिम रेबिज खोप लगाई ढुक्क होऔं ।

सावधान ! बहुला कुकुर वा जनावरले टाउको, घाँटी वा धेरै ठाउँमा नराम्ररी टोकेको अवस्थामा चाँडो रेबिज लाग्न सक्ने भएकोले १० दिन पर्खेर बस्ने होइन, तुरुन्तै रेबिज विरुद्ध खोप लगाऔं ।



पाल्तु कुकुर वा बिरालोलाई नियमित रूपमा रेबिज विरुद्ध खोप लगाऔं ।

पहिलो पटक ३ महिनाको उमेरमा, दोस्रो पटक ९ महिनाको उमेरमा र तत्पश्चात वर्षेनी रेबिज विरुद्ध खोप लगाउनु बुद्धिमानी हुन्छ ।

**कहिल्यै नबिर्सौं, रेबिज रोग लागेपछि कुनै उपचार हुँदैन तर बेलैमा होस पुऱ्याए सजिलै बच्न सकिन्छ ।**

अनि यो पनि,

- समयमा खोप नलगाउने, बीचैमा छोड्ने वा लापरवाही गर्ने मानिसलाई रेबिज रोग लाग्दछ ।
- आजसम्म एउटा मात्र सुई लगाएर पुग्ने रेबिज खोप निस्केको छैन ।

जुनोसिस तथा उपभोक्ता जागरण ट्रष्ट, ४२९/१२ इच्छुनदी मार्ग, बालुवाटार
पोष्ट बक्स नं. ५९५२, काठमाडौं, फोनः ४४३५८३५